# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४) काठमाडौं, फागुन २२ गते २०५१ साल (संख्या ४६

## भाग ४

### महालेखा परीक्षकको विभागको

#### सूचना १

महालेखा परीक्षकले लेखा परीक्षण सेवामा रिक्त रहेको राजपत्रांकित विशिष्ठ श्रेणीको उपमहालेखा परीक्षक पदमा सोही सेवाका नायव महालेखा परीक्षक श्री नगेन्द्रबहादुर राजवंशलाई मिति २०५१।६।२ देखि लागू हुने गरी बढुवा नियुक्ति गरेको छ।

#### सूचना २

लेखा परीक्षण सेवाका राजपत्राङ्कित तृतीय श्रेणीका लेखा परीक्षण अधिकारी श्री दुर्गानारायण श्रेष्ठको सेवा अवधि महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम ६२ को उपनियम (१) अनुसार मिति २०५१।६।३० मा ३० वर्ष पूरा भएकोले सोही नियमको उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले निजको सेवा अवधि २०५१।१०।१ देखि तीन वर्ष थप गरको छ ।

आज्ञाले,
कृष्णप्रसाद न्यौपाने
नायव-महालेखा परीक्षक

४३१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्री ५ को सरकार

## गृह मन्त्रालयको सूचना

श्री ५ महाराजाधिराजबाट वादी श्री ५ को सरकार प्रतिवादी दिलबहादुर लामा भएको भ्रष्टाचार सम्बन्धी मुद्दामा पुनरावेदन अदालत पाटनबाट मिति २०४६।५।१४ मा भएको फैसला बमोजिम निजलाई लागेको दण्ड जरिवाना माफी हुन श्री ५ को सरकार (मन्त्रिपरिषद्) बाट मिति २०५१।७।२८ मा जाहेर हुँदा मौसूफबाट उक्त मुद्दाको फैसलाबाट निजलाई ठेकिएको दण्ड, सजाय र जरिवाना समेत नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२२ बमोजिम पूरै माफी मिनाहा बक्स भएको छ ।

आज्ञाले,
रेवतीरमण पोखरेल
श्री ५ को सरकारको का.मु.सचिव

432



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।